संघीय संसद सचिवालय

**उपसभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना**

नेपालको संविधानको धारा ९१ एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचन मिति २०७९/०३/३१ गते शुक्रबार दिनको ३:०० बजे गर्ने गरी सम्माननीय सभामुखज्यूले निर्वाचनको मिति र समय निर्धारण गर्नु भएकोले सोही नियमावलीको नियम ८ को उपनियम (१) बमोजिम देहायको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ :-

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रतिनिधि सभाको बैठकमा प्रतिनिधि सभाका कुनै मा० सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने । | २०७९/०३/३० गते विहिबार | बिहान ११:०० बजे देखि दिनको १:०० बजे सम्म । | प्रतिनिधि सभाको सचिव समक्ष, ल्होत्से हल, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |
| २. | निर्धारित समय भित्र दर्ता भएका उम्मेदवारीको सूचनाको दर्ता क्रमानुसार सूची प्रकाशन गर्ने । | २०७९/०३/३० गते विहिबार | दिनको १:३० बजे । | सूचना पाटी, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |
| ३. | प्रतिनिधि सभाको बैठकमा उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामुहिक रुपमा छलफल हुने र दर्ता क्रमानुसार निर्णयार्थ प्रस्तुत गर्ने । | २०७९/०३/३१ गते शुक्रबार | दिनको ३:०० बजे प्रारम्भ हुने प्रतिनिधि सभाको बैठकमा । | प्रतिनिधि सभा कक्ष, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |

(गोपालनाथ योगी)
प्रतिनिधि सभाको सचिव

मिति : २०७९।०३।२९
समय : दिनको १२:०० बजे ।